श्री सर्वोच्च अदालतमा पेश गरेको

निवेदनपत्र

विषयः-उत्प्रेषण सहित परमादेश जो चाहिने आज्ञा आदेश वा पुर्जि जारी गरिपाउँ।

हुम्ला जिल्ला खार्पुनाथ गाँऊपालिका वडा नं ५ भई हाल का.जि. का.म.न.पा. वडा नं ३२कोटेश्वर बस्ने बर्ष २६ को अधिवक्ता राम बहादुर शाही(९८४३५८९४३३).........१
का.जि.बुढानिलकण्ड न.पा. वडा नं. ११ बस्ने बर्ष ३५ को अधिवक्ता सन्तोष भण्डारी..१
बैतडी जिल्ला, दशरथचन्द न.पा.वडा नं. ४ हाल का.जि.का.म.न.पा.वडा नं.३२कोटेश्वर बस्ने अधिवक्ता तेज कुमार लोहिया..........................................................१
बैतडी जिल्ला, पाटन न.पा.वडा नं. १ हाल का.जि.का.म.न.पा.वडा नं.३२कोटेश्वर बस्ने अधिवक्ता त्रिलोक बहादुर चन्द..........................................................१

निवेदक पक्ष

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार काठमाडौ...१
नेपाल सरकारगृह मन्त्रालय सिंहदरबार, काठमाण्डौ.........................................१
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ..................................................१

विपक्षी

१. हामी निवेदक अधिवक्ता तथा कानुनको विद्यार्थी भई मुलुकमा विधिको शासन हुनुपर्छ भन्ने मान्यतामा विश्वास राख्ने व्यक्तिहरु हौ ।संविधानवाद, विधिको शासन तथा लोकतान्त्रिक व्यवस्था एवं स्वतन्त्र न्यायपालिका प्रति क्रियासिल रहदै सम्मानीत सर्वोच्च अदालत तथा मातहत अदालतहरुमा बहस पैरवी साथै कानुन सम्बन्धी लेखरचना लेख्दै आएकोमानेपालको संविधान, २०७२ को धारा१(२),२, ४,५(१)(२), १६,१७, १८, २६, ३१, ३३, ३४, ३५, ३९(८) (९), ४४,४६,१३३(२) र १३३(३)तथा सर्वोच्च अदालतको नियमावली २०७४ को नियम ४९ बमोजिमविपक्षीहरुले गरेका निम्न प्रकरणमा उल्लेखित अन्यायको सम्बन्धमा अन्य प्रभावकारी

वैकल्पिक उपचारको व्यवस्था नभइ समानान्तर क्षेत्राधिकारको समेत प्रयोग नभएकोले सम्मानीत अदालतमासंबिधानमाथिको ठाडो हस्तक्षेपजन्य कार्यलाई अमान्य, र रोकथाम गरी संवैधानिक प्रणालीको रक्षा गर्न नेपालको संबिधानको धारा १३३(२) र (३) समेतका आधारमा उपचारको माग राखीनिम्न अनुसार निवेदन गर्दछौ । यो सार्वजनिक सरोकारको विषय भएको हुँदा निवेदन दर्ता गर्ने हकदैया हामीलाई छ ।

२. नेपाल सरकारले मिति २०७९ साल जेष्ठ १ गते बाट लागु हुने गरि हप्तामा २ दिन प्रत्यक सनिबार र आईतबार सार्बजनिक बिदा दिने र अरु दिन बिहान ९;३० बजे देखि अपरान्ह ५;३० सम्म काम गर्ने तर कार्तिक १६ गते देखि माघ १५ गते सम्म कार्यलय समय ९;३० देखि अपरान्ह ४;३० बजे सम्म रहने गरी मिति २०७९ साल वैशाख १३ गते मन्त्रिपरिषदकोले निर्णय गरि नेपाल राजपत्र भाग ५ मा मिती २०७९/०१/२६ गतेको सुचनामा प्रकासित भएको छ । जसमा हप्तामा एक दिन थप विदा दिनुको मुख्य आधार वैदेशिक मुद्राको संचिति घटेका कारण त्यो परिमाणमा घट्न नदिने प्रयोजनका लागी, पेट्रोलियम पदर्थिको खपत उपयोग कम गर्न, आर्थिक रुपले कर्मचारी र कार्यलय तथा संस्थाहरुको उत्पादकत्व वृद्दि हुने, पर्यटकिय दृष्टिकोणले आन्तरिक पर्यटन प्रबद्दनमा सहयोग हुने, सामाजिक दृष्टिकोणले लैङ्गिक समानता कायम गर्न, पारिवारिक सामिप्यता कायम हुने जस्ता कारण देखाउदै हप्तामा दुई दिन सार्वजनिक विदा दिने घोषणा गरिएको छ । नेपाल सरकार भनेको देशको अभिभावक हो देशको समचालक पनि हो । यति ठुलो निर्णय हरेक व्यक्तिको उत्पादकत्व कार्यशैली , सार्वजनिक सेवा, सरकारी तथा गैरसरकारि सेवा संग जोडिएको विषयलाई यसको दुरगामि असरलाई निचोरेर नहेरी, यसको विश्लेषणात्मक अध्ययन अनुसन्धान नै हचुवाको भरमा हप्तामा दुई दिन विदा घोषणा गरिएको अवस्था छ । कि त हप्ताको दुई दिन विदा दिनाले तत् तत् विषय र कार्यशैलिमा सुधार र उपयोगी र प्रभाव पर्नुको साथै थप सुधार गर्दछ र यि सार्वजनिक निकायले दिने सेवाको चुष्ततामा बृद्दी गरीनुको साथै जसको कारणले परिमाणात्मक रुपमा हप्तामा दुई दिन मानिसले सामाजिक जिवन पनी व्यतित गर्न सकोस, कामको गतिमा पनी फरक नपरोस भन्ने कुरामा कुनै यकिन डाटा, आधार, कारण र यसको जवाफदेही निकाय देखाउन सक्नुपर्थ्यो तर यसमा कुनै पनी यकिन तथ्याङ्क, डाटा पनि नभएको र यसको जवाफदेही निकाय पनी भेटिदैन ।

३. Covid महामारिले पाठ्यक्रम, पठनपाठन, विध्यालय, साँस्कृती तहसनहस भएको र यसलाइ सुधार गर्दै अगाडी बढाउनु पर्ने समयमा सवै ठप्प पारेर बिध्यार्थिको भविश्य अन्धकार तिर धकेल्नेतर्फको निर्णय अनुचित र Prima Facie रुपमा नै बदरभागी छ । तथ्याङ्ककै कुरा गर्ने हो भने पनी नेपालमा जम्मा ३५ हजार बिध्यालय छन । जसमध्य २७ हजार सामुदायिक विध्यालय र ८ हजार निजि बिध्यालय छन । सामुदायिक बिध्यालयमा पढ्ने बिध्यार्थिहरुसंग सवारी साधन यकदमै न्युन मात्रामा हुन्छ अब निजी बिध्यालयमा पढ्ने सबैसंग सवारि साधन हुन्छ भन्ने छैन । ति विध्यालय हप्तामा दुई दिन विदा हुदाँ ५६ लाख विध्यार्थी घरमा वस्नु पर्ने हुन्छ । त्यसले निम्त्याउने दुष्प्रभाव र

पठनपाटन, सँस्कृतीले के प्रभाव पार्छ ? सोमबार बाट सुक्रबार सम्म ९;३० बजे देखी ५;३० बजे सम्म एकै पटक यती लामो समय पठनपाठन गराउदा बच्चाहरुको मनमष्तिक्समा के कती प्रभाव पार्छ ? यसलाई सम्बोधन गर्ने आधार कुनै गुञयमान देखिदैन । आईतबार पनी काम गर्छन जसले खपत गरेको कारणले पट्रोलियम पदार्थको खपत कम हुने कती मात्रामा होला ? हप्तामा दुई दिन विदा दिएर पेट्रोलियम प्रदार्थको खपत कम गर्ने र वैदेशिक मुद्राको संचिती यथास्थानमा ल्याउने भन्ने कुरा व्यावहारिक कुरा होईन ।हप्तामा दुई दिन विदा नदिएर Balance Of Payment भुक्तानी असुन्तलन हुनुको कारक तत्व त्यो होईन । सातामा एक दिन थप सरकारी तथा गैरसरकारी क्षेत्रमा सार्वजनिक विदा दिदा मासिक २० लाख पेट्रोल र १२ लाख डिजेल खपत कम हुने वाणिज्य मन्त्रालयको रिपोर्टमा उल्लेख छ । यो खपत भनेको मासिख ३९ करोड १६ लाख रुपैया बराबरको मात्रै मुद्रा कम हुने हो । तर नेपालमा बर्षमा २ खर्ब भन्दा वढिको पेट्रोलियम प्रदार्थ आयत हुन्छ । त्यो आयतमा मासिक ३९ करोडले कम हुनुले, पुरैमा १/२ % ले मात्र कम हुनु हो, त्यसको कष्ट फाइदा हुन्छ होला तर यसबाट आम जनताले पाउने सरकारि सेवा, सुविधामा के कती असर पर्छ ? त्यसको कष्ट, दुरगामी असर कसले गणना (क्याल्कुलेसन) गरेको छ ? अन्तराष्ट्रिय मुलुकमा दुई दिन विदा दिने अभ्यास छ भन्ने तर्कवितर्क गरिने हो भने ति देशहरुमा नेपाल जस्तो बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक मानिसहरुको बसोबास छैन जसको कारण धेरै चाडपर्व र अरु दृष्टिकोणले पनि त्यहि अनुसारको सार्वजनिक बिदा नहुने र सिमित विदा हुने सो अनुसारको सेवा सुविधा उपलब्ध गराउने गरी प्रवन्ध मिलाइएको भएर अरु देशमा सम्भव छ तर नेपालमा यसै पनी संघियता स्थापनापछी, नेपाल सरकारको निर्णयनुसार ( वि.स. २०७६) ६९ दिन सवैले र समुह विशेष र स्थान विशेषले पाउने २३ दिन गरी जम्मा ९२ दिन सार्बजनिक विदा र ५२ दिन सनिबार विदा हुनुको साथसाथै राजतन्त्रमा राजा विदेश जादा सार्वजनिक विदा दिने चलन थियो, अहिले गणतन्त्रमा राष्ट्रपती विदेश भ्रमणमा जादा र बिदेशी प्रतिनिधी नेपाल आउदा विदा दिने चलन छ अझै १ दिन थप हप्तामा सनिबार र आईतबार सार्वजनिक बिदा दिने हो भने नेपाल जस्तो गरिव मुलुक जहाँ दिन भरी काम गरेर बिहान बेलुकाको छाक टार्न हम्मे-हम्मे पर्ने वर्गका मानिसको संख्या अत्यधिक भएको मुलुकको आर्थिक, साँस्कृतिक र सामाजिक हैसियत कता पुग्ला त्यसतर्फ कुनै विचार गरिएको अवस्था छैन ।नेपालको संविधान २०७२ को धारा १ को उपधारा (२) मा भनिएको छ - यस संविधानको पालना गर्नु प्रत्यक व्यक्तिको कर्तव्य हुनेछ भनेर स्पष्ट संग उल्लेख छ तर स्वयम मन्त्रिपरिषदबाट नै आव्यश्यक व्याख्या र विश्लेषण बिना हप्तामा दुई दिन विदा दिने गरी ठाडो निर्णय घोषणा गरिदिएर संविधानको भावना, मर्म विपरितको कार्य गरिएको छ ।कुन काम देश र जनताकोलागी हित हुने र कुन अहितमा छ भन्ने विश्लेषन र व्याख्या नै नभई हचुवाको भरमा निर्णय गरी संविधानवाद र कानुनको शासनको बाधक आफै बन्नु भएको छ ।

४. हप्तामा दुई दिन सार्वजनिक विदा दिने गरी गरिएको मोडेल नेपालमा पहिले पनि पटक-पटक परिक्षणको लागि लागु गर्दै असफल भई निरन्त्रता दिन नसकेको अवस्था वितिदै छ ।नेपालकोविगतको अभ्यास हेर्दा विगतमा२०४८ सालमातत्कालीन प्रशासन सुधार आयोगलेखर्च

घटाउन सकिने र प्रशासन सञ्चालन सहज हुने भन्दै हप्तामा दुई दिन बिदा दिन सिफारिश गरेकोथियो। सोही सिफारिश अनुसार २०५६ सालमा सातामा दुई दिन बिदा दिने निर्णय कार्यान्वयन गरिएकोथियो। काठमाडौं उपत्यकाबाट शुरु गरिएको दुईदिने बिदाको छोटो समयको लागि कार्यान्वयन भएको पाइन्छ।

हप्तामा २ दिन बिदा दिंदा तत्कालीन प्रशासन सुधार आयोगको सिफारिशको आधार लिई कर्मचारीको उत्पादकत्व बढ्ने, कार्यालय बिहान ९ बजेबाट सञ्चालन हुने भएकोले ट्राफिक व्यवस्थापनमा सहजता आउने, कार्यालय सञ्चालन खर्च र इन्धन खपतमा कमी आउने, कर्मचारीले Work-Life Balance गर्न मद्दत पुग्ने र दुई दिनको बिदाले कर्मचारी र तिनका परिवारलाई सप्ताहान्तको छुट्टी मनाउन बाहिर जाने समेत समय उपलब्ध भई आन्तरिक पर्यटन प्रवर्द्धन हुने समेत आंकलन गरिएको थियो। पछिआर्थिक, सामाजिक , भौगोलिक कठिनाईर हाम्रो काम गर्ने सँस्कृतीको कारण यो मोडेलले निरञ्त्रता पाउन सकेन। अहिले पनी कुनै अध्ययन अनुसन्धान र विश्लेषणविना नै यति ठुलो संवेदनसिल विषय माथि निर्णय गरिएको छ जुन निर्णले देशको आर्थिक स्थिति मात्र नभई हरेक क्षेत्रमा दुरगामि असर निम्त्याउने प्रष्ट देखिन्छ। जुन कार्य आफैमा असंवैधानिक र विवादास्पुर्ण कार्य भएकोलेउक्त निर्णयउत्प्रषणको आदेशले बदरभागि छ।

५. अहिले नेपालको अबस्था हेर्ने हो भने न्यायलयमा वर्षौं देखिका मुद्दाका चाङ्ग थुप्रिएको अवस्था छ, मालपोत कार्यलय, यातायात कार्यलय, पासपोर्ट कार्यलयमा व्यापक भिड छ, त्यो भिड अब हप्ताको दुई दिन विदा दिनाले भिड झन बड्छ कि घट्छ ? त्यसको ईकोनोमिक कष्ट कति हो ? त्यसको हिसाब गरेर दुई दिन विदा हुदा नाफा यती हुन्छ घाटा यती हुन्छ भनेर कुनै विश्लेषण भएको देखिदैन र कुनै डाटा पनी आएको अवस्था छैन। घाटा भन्दा नाफा बढि भएमा यो मोडेल लागु गर्ने हो। यसरी हचुवाको भरमा देशका हरेक काम कारबाही नै ठप्प पार्ने गरी नेपालको संविधान, ऐनको भावना मर्म विपरित, कानुनको परिपालना नगरी गरिएको निर्णय देश र नागरिकको बिरुद्ध भई बदरभागी छ। यदी पेट्रोलियम प्रदार्थको खपत कम नै गर्ने हो भने पनी, सवैभन्दा ठुलो परिमाणमा अनावश्यक कम उत्पादकत्व भएको कुनकुन Indicator मा बढि खपत भएका छन् त्यतातर्फ अध्ययन गरेर साचिकै त्यसमा घटाएर हुने रछ भने घटाउन केके गर्न पर्ने त्यसको उपाय अपनाउने हो, विदेशि मुद्रामा पनी जुन विलासिताको वस्तु छन कुनमा बढी भन्दा बढी मुद्रा बाहिरिएको छ त्यसलाई घटाएर कसले समाजमा मानविय जिवनमा, GDP मा असर गरेको छ त्यसलाई आकलन बिश्लेषण गरेर पो निर्णय गर्ने होला, त्यता तिर कुनै ध्यान नदिई प्रयाप्त अध्ययन अनुसन्धान विना हप्तामा दुई दिन सार्वजनिक विदा दिने गरि गरिएको निर्णय कामकाज एकातिर निर्णय अर्को तिर भईसंविधान र कानुनको मर्म र भावना बिपरित छ। जुन नेपालजस्तो स्वतन्त्र, सार्बभौमसत्ता सम्पन्न देशकालागि घातक छ। नेपालको संबिधान २०७२ को धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकियसत्ता नेपाली जनतामा निहित हुने छ, धारा ५ को उपधारा (२) मा राष्ट्र हित प्रतिकुलको आचरण र कार्य सङ्घिय कानुन बमोजिम दण्डनिय हुनेछ भन्ने उल्लेख गरिएको छ। त्येस्तै धारा १६ को उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक वाच्न पाउने हक हुने छ, भनिएको छ, धारा १८ मा सबै नागरिक

४

कानुनको दृष्टिमा समान हुने छन । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन । धारा २५ मा सम्पतिको हक, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक हुनेछ , धारा ३१ मा शिक्षा सम्बन्धि हक हुनेछ, धारा ३३ रोजगारीको हक हक , धारा ३४ मा श्रमको हक, धारा ३५ मा स्वास्थ्यको हक, धारा ३९ को उपधारा (८) मा प्रत्यक बालबालिकालाई बाल अनुकुल न्यायको हक हुनेछ भन्ने छ । यस्तो असंवैधानिक र कानुनको विपरित गतिविधीमा स्वयंम नेपाल सरकार मन्त्रिपरिषदले आवश्यक विचारविमर्श नै नगरी हप्तामा दुई दिन बिदा दिने गरि गरिएको निर्णय देशको भौगोलिक अखण्डता, राष्ट्रियता रराष्ट्रिय सुरक्षा समेतमा खलल पुग्ने भएकाले र यस्तो महत्वपूर्ण सार्वजनिक सरोकारको विषय भई संविधानको धारा १३३(२) र (३) बमोजिम भई यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत यस्तो सार्वजनिक सरोकारको विषयसँग सम्वन्धित संबैधानिक तथा कानुनी प्रश्नको निरुपण गर्न अतिआवश्यक देखिएकाले यो रिट निवेदन पेश गरेका छौं । अत : अहिले मन्त्रिपरिषदले आवश्यक विचारविमर्श नै नगरी हप्तामा दुई दिन सार्बजनिक विदा दिने गरि गरिएको मिति २०७९/०१/१३ गते, नेपाल राजपत्र भाग ५ मा मिती २०७९/०१/२६ गतेको सुचनामा प्रकासितनिर्णय संविधानको धारा १३३ (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्धारा अमान्य रबदर गरि संविधान र कानुन बमोजिम उक्त निर्णयबाट हुने सम्पुर्ण काम कारबाहि नगर्नु नगराउनु भनी प्रमादेश समेत जारि गरि पाउँ । साथै सर्बोच्च अदालतको नियमावली २०७४ को नियम ४९ बमोजिम मन्त्रिपरिषदको उक्त निर्णयसंविधान र कानुन बमोजिमको नेपालको हित प्रतिकुल भएकोले यो निर्णयबाट हुने सम्पुर्ण काम कारबाहि नगर्नु नगराउनु भनी अन्तरिम आदेशद्वारा अमान्य बदर घोषित गरिपाउँ ।

(६) साथै संविधान र कानुनको घोर उल्लंघन भइ संवैधानिक प्रणालीमा गम्भीर क्षति पुग्न जाने हुदा यो रिट निवेदनको टुंगो नलागे सम्म उक्त अध्यादेशबाट हुने कुनैपनि काम कारबाहि नगर्नु नगराउनु भनीसर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अग्राधिकार सहित अन्तरिम आदेश समेत जारी गरी पाउँ ।निवेदकद्धारा नियुक्त हुनु हुने कानुन व्यवसायीको बहसलाई यसैको अभिन्न अगं मानी पाउँ ।

(७) संलग्न कागजात

(क) मिति २०७९ जेष्ठ १ गते बाट लागु हुने गरी हप्ताको दुई दिन सनिबार र आईतबार सार्बजनिक विदा दिनु भनि राजपत्रमा प्रकासित मन्त्रपरिषदको निर्णय १ प्रती.......................................१

(ख) हामी निवेदकहरुको अधिवक्ताको लाईसेन्स को छाँयाकपी .......................................१

(८) यो निबेदन पत्रमा लेखिएको ब्याहोरा ठीक साँचों हो । झूठा ठहरे कानुन बमोजिम सहुला बुझाऊला ।

**निवेदक**

अधिवक्ता रामबहादुर शाही — अधिवक्ता तेज कुमार लोहिया

अधिवक्ता सन्तोष भण्डारी — अधिवक्ता त्रिलोक बहादुर चन्द

ईति सम्वत् २०७९ साल महिना गते रोज शुभम ....................................... ।